# स्थानीय तहको विनियोजन ऐन २०७५

**डोल्पो वुद्ध** गाउँपालिकाको आर्थिक बर्ष **२०७५।०७६** को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**प्रस्तावनाः..डोल्पो वुद्ध गाउँपालिकाको** आर्थिक बर्ष **२०७५।०७६**को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **डोल्पो वुद्ध** गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः** (१)यस ऐनको नाम " **डोल्पो वुद्ध** गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष **२०७५।०७६** को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च आन्तरिक श्रोत ,सशर्त अनुदान, संसथागत सहयोग प्रदेश सरकार अनुदान वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१४९२८८४१७/ (अक्षेरुपी चौध करोड बयानब्बे लाख अठासी हजार चार सय सत्र रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष **२०७५।०७६** को निमित्त..डोल्पो वुद्ध__.गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक माबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याजभुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।